नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।

## <u>पुन: लिलाम सम्बन्धी वोलपत्र आव्हानको सूचना</u> ।

यस नेपाल बीमा प्राधिकरणको तपसिलमा उल्लेखित सामान जे जस्ता अवस्थामा छन्, सोही अवस्थामा शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गरिने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी वोलपत्र आव्हान गरिएको छ । थप जानकारीका लागि प्राधिकरणको सूचना पाटी एवं प्राधिकरणको Website (www.nia.gov.np) मा समेत हेर्न सकिनेछ ।

**<u>शर्तहरू</u>**

(१) यो वोलपत्र सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस प्राधिकरणको नबील बैंक लि. ललितपुर शाखा स्थित खाता नं ०११००१३०११००१, मा तपसिलमा उल्लेखित रकम जम्मा गरेको सक्कल बैक भौचर पेश गरी यस प्राधिकरणको कार्यालयबाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।

(२) बोलपत्र फारम भरी मिति २०८२/०७/२५ गते दिनको मध्यान्ह १२:०० बजे भित्र यस प्राधिकरणमा दर्ता गरी सक्नु पर्नेछ र दर्ता भएका वोलपत्रहरु सोही दिनको अपरान्ह १४:०० बजे उपस्थित बोलपत्रदाताहरूको रोहवरमा यस प्राधिकरणको कार्यालयमा खोलिने छ ।

(३) बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । वोलपत्र खरिद गर्ने, दाखिला गर्ने तथा खोल्ने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन अन्तिम म्याद मानिने छ ।

(४) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको), स्थायी लेखा नं. (PAN) लिएको वा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको तथा आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(५) वोलपत्र दर्ता गर्दा जमानत बापत वोल अंकको १० प्रतिशतले हुन आउने रकम बराबरको नव्वे दिन अवधि भएको बैंक जमानत वा ग्लोबल आईएमई बैंक कुपण्डोलमा रहेको यस प्राधिकरणको धरौटी खाता नं २८०१०१००००७१९ मा नगदै दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । उक्त धरौटी रकम स्वीकृत बोलपत्रदाताले मालसामानको मूल्य भुक्तान गरी सम्झौता भएको मितिले ३० (तीस) दिन भित्र मात्र फिर्ता गरिनेछ । स्वीकृत नभएका बोलपत्रको हकमा बोलपत्र खोलेको भोलीपल्ट देखि फिर्ता गरिनेछ। एक वर्ष भित्र पनि फिर्ताको लागि निवेदन प्राप्त नभएमा धरौटी नियमानुसार जफत गर्न सकिनेछ ।

(६) सिलबन्दी बोलपत्रको खाममा यस प्राधिकरणलाई सम्बोधन गरी बोलपत्र नं. र बोलपत्रदाताको विवरण प्रस्टसँग लेखिएको हुनुपर्नेछ ।

(७) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्नुपर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(८) वोलपत्रदाताले कबोल गरेको दररेट सिलबन्दी फाराममा अंक र अक्षरमा केरमेट नगरी प्रस्टसँग लेखि हरेक पानामा सहिछाप गरिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(९) लिलाम हुने माल सामान नं र न्युनतम लिलाम मूल्य तपसिल बमोजिम रहेको छ ।

**तपसिल**

| S.N. | बोलपत्र नं. | मालसामान | परिमाण | प्राप्त हुन आएको न्यूनतम लिलामी मूल्य मू.अ.कर सहित | वोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | NIA-AUC/01/82/083 | Sal wood, joist, Beam Plank window and Door Frame/ Sutter | 544.98 sqm | ५,४४,९८०।- | दुई हजार |

(१०) तोकिएको म्यादभित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

(११) प्राप्त बोलपत्रहरु स्वीकर गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार प्राधिकरणमा निहित हुनेछ । सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन प्राधिकरण बाध्य हुने छैन ।

(१२) बोलपत्र सम्वन्धी सूचना, लिलाम हुने माल सामानको विवरण तथा यसका शर्तहरु यस प्राधिकरणको कार्यालय कुपण्डोल, ललितपुरको सूचनापाटी तथा वेबसाइट www.nib.gov.np मा समेत प्राप्त गर्न सकिनेछ ।

(१३) लिलाम हुने सामाग्री हेर्न तथा अन्य विस्तृत विवरणको लागि कार्यालय समयमा यस प्राधिकरणको कार्यालय कुपण्डोल, ललितपुर-१० मा सम्पर्क गर्न सकिनेछ ।

(१४) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा आर्थिक कार्यविधि ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०७६, नेपाल बीमा प्राधिकरण आर्थिक कार्यविधि विनियमावली २०७९ र अन्य प्रचलित नियम, कानुन बमोजिम हुनेछ ।

ललितपुर-१० कुपण्डोल ।
फोन न. ५५२१०७९,५५३८७४३
टोल फ्रि १६६००१५६७८९
फ्याक्स नं. ५५२१०११९